नव वर्ष

# २०८२

को

हार्दिक शुभकामना

# सय थरी गोडा, एउटै चाल

चाडपर्व तथा सांस्कृतिक उत्सवहरूले भरिपूर्ण हाम्रो जीवनमा नृत्यको महत्व उच्च छ। सामाजिक एकता र सद्भावको भावना विकसित गर्ने लोकनृत्यहरू नेपालको सुन्दर पहिचान हुन्।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति च. नं. ०७८/८२ बाट स्वीकृति प्राप्त



लक्ष्यमा सँग-सँगै

बहुसांस्कृतिक देश नेपाल मौलिक परम्परा र सांस्कृतिक विविधताले समृद्ध छ। विभिन्न समुदायले शताब्दीऔं देखि जगेर्ना गर्दै आएको परम्परागत कला तथा संस्कृतिमा नृत्यको स्थान विशिष्ट छ। हाम्रो पहिचान बोक्ने यी नृत्यहरूको निरन्तर संरक्षण गर्दै नृत्यबारे इतिहास, ज्ञान र सीप नयाँ पुस्तामाझ पुर्‍याउनु हरेक नेपालीको दायित्व हो।

परम्परागत सीप तथा कला नयाँ पुस्तामा हस्तान्तरण गरौं!
नेपाली लोकनृत्यको प्रशिक्षण र प्रदर्शनलाई प्रोत्साहन गरौं!
आफ्नो मौलिकतामा गर्व गर्दै यसको संरक्षण र प्रवर्द्धन गरौं!

# सय थरी गोडा, एउटै चाल

Laxmi Sunrise presents the calendar for B.S. 2082, celebrating Nepal's vibrant cultural heritage.

This year, the calendar showcases select twelve iconic Nepali ethnic dances, each a vivid expression of the nation's diversity and traditions. The rhythmic movements of these dances embody the stories, history, and spirit of the communities that preserve them. We believe that these rich traditions serve as a powerful inspiration for unity and pride.

Wishing you a Happy New Year filled with
Good Health, Happiness, and Success!

# घाटु नाच



ठाउँ अनुसार 'बाह्रमासे' र 'सती' घाटु गरी दुई किसिमको हुने घाटु नाच विशेषगरी गुरुङ तथा मगर समुदायको परम्परागत नाच हो । दुई किशोरीहरूलाई 'घाटुसारी' को भेषभूषामा सजाई मानिसको जीवनशैली, जन्म, कर्म, खेतीपाती आदि बारे गीतमा व्याख्या र अभिनय गर्दै यो नृत्यको प्रदर्शन गरिन्छ।

समुदाय : गुरुङ तथा मगर समुदाय
नृत्य गर्ने : घाटुसारी (किशोरीहरू)
बजाइने बाजा : मादल, बाँसुरी आदि
गाइने गीत : घाटु गीत

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्



# वैशाख २०८२

**Apr/May 2025**

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | १ 14 | २ 15 | ३ 16 | ४ 17 | ५ 18 | ६ 19 |
| ७ 20 | ८ 21 | ९ 22 | १० 23 | ११ 24 | १२ 25 | १३ 26 |
| १४ 27 | १५ 28 | १६ 29 | १७ 30 | १८ May 1 | १९ 2 | २० 3 |
| २१ 4 | २२ 5 | २३ 6 | २४ 7 | २५ 8 | २६ 9 | २७ 10 |
| २८ 11 | २९ 12 | ३० 13 | ३१ 14 | | | |

## घाटु नाच

मातातीर्थ औँशी देखि वैशाख पूर्णिमा सम्म नाचिने यो नाच गुरुङ तथा मगर समुदायको परम्परागत लोकनृत्य हो ।

१ गते - नव वर्ष, १४ गते - आमाको मुख हेर्ने दिन, १८ गते - विश्व मजदुर दिवस, २९ गते - बुद्ध जयन्ती/उभौली पर्व

# धिमाल नाच



जात्री मेला तथा सिरीजात पर्वको अवसरमा नाचिने धिमाल नृत्यले धिमाल जातिको साँस्कृतिक महत्व बोक्दछ । महिला र पुरुष दुवैले आफैंले बुनेका पोशाक, बोना, टेपना, गरगहना आदि पहिरँदै, आफ्ना सन्ततिको उन्नति र समुदायले लगाएको बालीनाली राम्रो होस् भन्ने कामना गर्दै यो नृत्यको प्रदर्शन गरिन्छ ।

समुदाय : धिमाल समुदाय
नृत्य गर्ने : महिला तथा पुरुषहरु
बजाइने बाजा : ढोल, उर्नी, बाँसुरी आदि
गाइने गीत : मौलिक धिमाल भाषाको गीत

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्



# धिमाल नाच

जात्री मेला आदि पर्वमा नाचिने यो नाच धिमाल समुदायको लोकनृत्य हो ।

## जेठ २०८२

## May/Jun 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | | १ 15 | २ 16 | ३ 17 |
| ४ 18 | ५ 19 | ६ 20 | ७ 21 | ८ 22 | ९ 23 | १० 24 |
| ११ 25 | १२ 26 | १३ 27 | १४ 28 | १५ 29 | १६ 30 | १७ 31 |
| १८ Jun1 | १९ 2 | २० 3 | २१ 4 | २२ 5 | २३ 6 | २४ 7 |
| २५ 8 | २६ 9 | २७ 10 | २८ 11 | २९ 12 | ३० 13 | ३१ 14 |

१५ गते - गणतन्त्र दिवस

# मारुनी नाच

न्वारन, व्रतबन्ध, विवाह लगायत शुभकार्यमा देवीदेवताको आराधना गर्दै पौराणिक कथाहरुमा आधारित गीतको लय अनुसार नाचिने मारुनी नाच मगर समुदायको लोकनृत्य हो । यस नृत्यमा रङ्गीन कपडा र गहनामा सिँगारिएर मारुनीसँगै अनेकौं हाउभाउले मनोरञ्जन दिनलाई 'पुर्सुङ्गे, ल्वाँगे, ढँटुवारे, झिल्के, पाङ्दुरे' आदि हुन्छन् ।

समुदाय : मगर समुदाय
नृत्य गर्ने : युवक तथा युवतीहरु
बजाइने बाजा : मादल, खाँकर, मन्जिरा आदि
गाइने गीत : मारुनी भाका

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्





# मारुनी नाच

न्वारन, व्रतबन्ध, विवाह जस्ता शुभकार्यमा देवीदेवताको आराधना गर्दै नाचिने यो नाच मगर समुदायको लोकनृत्य हो ।

# असार २०८२

## Jun/Jul 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| १ 15 | २ 16 | ३ 17 | ४ 18 | ५ 19 | ६ 20 | ७ 21 |
| ८ 22 | ९ 23 | १० 24 | ११ 25 | १२ 26 | १३ 27 | १४ 28 |
| १५ 29 | १६ 30 | १७ Jul 1 | १८ 2 | १९ 3 | २० 4 | २१ 5 |
| २२ 6 | २३ 7 | २४ 8 | २५ 9 | २६ 10 | २७ 11 | २८ 12 |
| २९ 13 | ३० 14 | ३१ 15 | ३२ 16 | | | |

१५ गते - राष्ट्रिय धान दिवस/दहीचिउरा खाने दिन, २६ गते - गुरु पूर्णिमा

# सङ्गिनी नाच



सङ्गिनी नाच पहाडी क्षेत्रका ब्राह्मण/क्षेत्री महिलाहरूले तीजको दिन, विवाह, रत्यौली, धार्मिक उत्सव र पूजाआजाको अवसरमा प्रस्तुत गर्ने गीत र नृत्यको संयोजनको एउटा विशिष्ट लोककला हो। विवाहित महिलाहरूले आफ्ना मनमा लागेका वेदनाहरू गीतका माध्यमबाट पोख्दै गोलबद्ध भएर सङ्गिनी नृत्यको प्रदर्शन गर्दछन्।

समुदाय : ब्राह्मण/क्षेत्री (पहाडी) समुदाय
नृत्य गर्ने : विवाहित महिलाहरू
बजाइने बाजा : मादल, बाँसुरी, तबला आदि
गाइने गीत : सङ्गिनी गीत

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्



# सङ्गिनी नाच

धार्मिक उत्सव, विवाह, आदिमा नाचिने यो नाच पहाडी ब्राह्मण तथा क्षेत्री महिलाहरूको विशेष लोकनृत्य हो ।

# साउन २०८२

## Jul/Aug 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | | १ 17 | २ 18 | ३ 19 |
| ४ 20 | ५ 21 | ६ 22 | ७ 23 | ८ 24 | ९ 25 | १० 26 |
| ११ 27 | १२ 28 | १३ 29 | १४ 30 | १५ 31 | १६ Aug 1 | १७ 2 |
| १८ 3 | १९ 4 | २० 5 | २१ 6 | २२ 7 | २३ 8 | २४ 9 |
| २५ 10 | २६ 11 | २७ 12 | २८ 13 | २९ 14 | ३० 15 | ३१ 16 |

१ गते - साउने सङ्क्रान्ति, १३ गते - नाग पञ्चमी, १५ गते - खीर खाने दिन,
२४ गते - जनै पूर्णिमा/रक्षाबन्धन, २५ गते - गाईजात्रा (काठमाडौं उपत्यका बिदा),
३१ गते - श्रीकृष्ण जन्माष्टमी

# देउडा नाच

देउडा नाच मध्य तथा सुदूर-पश्चिम क्षेत्रमा प्रचलित नाच हो। महिला र पुरुषहरू गोलो आकारमा उभिएर एकले अर्काको हात समाई गोडा अगाडी-पछाडी चाली गीतको लयमा नृत्य गर्दछन्। सामूहिक स्वरमा गाइने गीतको एक हरफ पुरुष समुहले प्रश्न गर्ने र त्यसको उत्तर महिला समुहले अर्को हरफमा दिने गर्दछन्।

समुदाय : खस क्षेत्री समुदाय
नृत्य गर्ने : युवक र युवतीहरूको समुह
बजाइने बाजा : खास बाजा प्रयोग नगरिने
गाइने गीत : देउडा गीत

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्





# देउडा नाच

मेलापर्वमा सामूहिक स्वरमा गीत गाउँदै नाचिने यो नाच मध्य तथा सुदूर-पश्चिम क्षेत्रको चिनारी हो ।

# भदौ २०८२

## Aug/Sep 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| १ 17 | २ 18 | ३ 19 | ४ 20 | ५ 21 | ६ 22 | ७ 23 |
| ८ 24 | ९ 25 | १० 26 | ११ 27 | १२ 28 | १३ 29 | १४ 30 |
| १५ 31 | १६ Sep 1 | १७ 2 | १८ 3 | १९ 4 | २० 5 | २१ 6 |
| २२ 7 | २३ 8 | २४ 9 | २५ 10 | २६ 11 | २७ 12 | २८ 13 |
| २९ 14 | ३० 15 | ३१ 16 | | | | |

७ गते - बुवाको मुख हेर्ने दिन , १० गते - हरितालिका तीज व्रत (महिला कर्मचारीलाई मात्र बिदा),
१५ गते - गौरा पर्व (पर्व मनाउने कर्मचारीलाई बिदा), २१ गते - इन्द्रजात्रा (काठमाडौँ उपत्यका बिदा),
२२ गते - सोह्रश्राद्ध प्रारम्भ, २९ गते - राष्ट्रिय बाल दिवस,
३० गते - जितीया पर्व (पर्व मनाउने महिला कर्मचारीलाई मात्र बिदा)

# झिझिया नाच

झिझिया नृत्य दशैंमा प्रदर्शन गरिने मैथिल समुदायको परम्परागत नृत्य हो जसमा युवतीहरु बलिरहेको दियोलाई साना प्वालहरु भएको माटोको घैंटोभित्र राखी त्यसलाई शिरमा सन्तुलन गर्दै नृत्य प्रस्तुत गर्दछन्। तान्त्रिक विधिअनुसार गरिने यो नृत्य जादु मन्त्रबाट सन्तानलाई सुरक्षा होस् भनी प्रदर्शन गरिने विश्वास छ।

समुदाय : मैथिल समुदाय
नृत्य गर्ने : युवतीहरु
बजाइने बाजा : ढोलक, झ्याम्टा आदि
गाइने गीत : मैथिली लोक तथा परम्परागत गीत

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्



# असोज २०८२

## Sep/Oct 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | १ 17 | २ 18 | ३ 19 | ४ 20 |
| ५ 21 | ६ 22 | ७ 23 | ८ 24 | ९ 25 | १० 26 | ११ 27 |
| १२ 28 | १३ 29 | १४ 30 | १५ Oct 1 | १६ 2 | १७ 3 | १८ 4 |
| १९ 5 | २० 6 | २१ 7 | २२ 8 | २३ 9 | २४ 10 | २५ 11 |
| २६ 12 | २७ 13 | २८ 14 | २९ 15 | ३० 16 | ३१ 17 | |

१ गते - विश्वकर्मा पूजा, ३ गते - संविधान दिवस, ६ गते - घटस्थापना/नवरात्री आरम्भ, १३ गते - फूलपाती, १४ गते - महाअष्टमी, १५ गते - महानवमी, १६ गते - विजया दशमी, १७ गते - एकादशी, १८ गते - द्वादशी



## झिझिया नाच

दशैंको नवरात्रीमा प्रदर्शन गरिने यो नाच मैथिल समुदायको परम्परागत लोकनृत्य हो ।

# चर्या नाच



बौद्ध धर्मको तान्त्रिक नृत्य चर्यामा बज्रयानी बौद्ध दर्शनका गुरुहरुले मान्ने सिद्धान्तलाई साधक कलाकारहरुले ध्यानभावमा ढालिएर प्रस्तुति दिने गर्दछन्। पञ्चबुद्ध मानिएका 'अक्ष्योभ्य, रत्नसंभव, अभिताभ, अमोधसिद्धि र वैरोचन' का ध्यानमुद्रा र ध्यानभावलाई आत्मसात गरी नृत्यमा प्रस्तुत गर्ने गर्दछन्।

समुदाय : बज्रयान समुदाय (शाक्य, बज्राचार्य)
नृत्य गर्ने : नृत्यका लागि प्रशिक्षित साधकहरु
बजाइने बाजा : डमरु (डबडब), ता:(तिन्छु), पोंगा (पञ्चताल बाजा) आदि
गाइने गीत : सन्ध्याभाष र संस्कृत भाषाका शास्त्रीय गीत

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्



# चर्या नाच

बौद्ध दर्शनको सिद्धान्तलाई ध्यानभावमा प्रस्तुत गर्दै नाचिने यो नाच बज्रयानी नेवार समुदायको शास्त्रीय तान्त्रिक नृत्य हो ।

# कात्तिक २०८२

## Oct/Nov 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| ३० 16 | | | | | | १ 18 |
| २ 19 | ३ 20 | ४ 21 | ५ 22 | ६ 23 | ७ 24 | ८ 25 |
| ९ 26 | १० 27 | ११ 28 | १२ 29 | १३ 30 | १४ 31 | १५ Nov 1 |
| १६ 2 | १७ 3 | १८ 4 | १९ 5 | २० 6 | २१ 7 | २२ 8 |
| २३ 9 | २४ 10 | २५ 11 | २६ 12 | २७ 13 | २८ 14 | २९ 15 |

२ गते - काग तिहार, ३ गते - कुकुर तिहार/लक्ष्मी पूजा, ४ गते - गाई तिहार, ५ गते - म्ह:पूजा/नेपाल संवत् ११४६ सुरु/गोवर्द्धन पूजा, ६ गते - भाईटीका, ७ गते - तिहार बिदा, १० गते - छठ पर्व, २५ गते - महागुरू फाल्गुनन्द जयन्ती (किराँत धर्मावलम्बीहरूलाई बिदा)

# धिमे नाच



नेवार समुदायको मौलिक धिमे नाचमा महिलाहरू हाकुपटासी र पुरुषहरू दौरा सुरुवालमा सजिएर धिमे र बाँसुरीको तालमा नृत्य गर्दछन्। नृत्यसँगै वर्षा र चट्याङ्का देवता इन्द्र, भैरव तथा नेवार समुदायका अन्य देवताहरूप्रति भक्तिभाव प्रकट गर्दै समृद्धि, उर्वरता, र समुदायको कल्याणको कामना गरिन्छ।

समुदाय : नेवार समुदाय
नृत्य गर्ने : युवक र युवतीहरु
बजाइने बाजा : धिमे, बाँसुरी, झ्याली, भुस्या आदि
गाइने गीत : खास गीत नगाइने

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्

# मङ्सिर २०८२

## Nov/Dec 2025

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | १ 17 | २ 18 | ३ 19 | ४ 20 | ५ 21 | ६ 22 |
| ७ 23 | ८ 24 | ९ 25 | १० 26 | ११ 27 | १२ 28 | १३ 29 |
| १४ 30 | १५ Dec 1 | १६ 2 | १७ 3 | १८ 4 | १९ 5 | २० 6 |
| २१ 7 | २२ 8 | २३ 9 | २४ 10 | २५ 11 | २६ 12 | २७ 13 |
| २८ 14 | २९ 15 | | | | | |

९ गते - विवाह पञ्चमी, १७ गते - अन्तर्राष्ट्रिय अपाङ्गता दिवस,
१८ गते - उधौली पर्व/धान्य पूर्णिमा/यः मरि पुन्हि



# धिमे नाच

विभिन्न सांस्कृतिक अवसरमा धिमे र बाँसुरीको तालमा नाचिने यो नाच नेवार समुदायको मौलिक परम्परागत नृत्य हो ।

# साकेला नाच

आदिवासी किराँत समुदायको सांस्कृतिक साकेला नाच उभौली र उधौली पर्व (अन्नबाली रोप्ने र भित्र्याउने) गरी वर्षमा दुई पटक प्रकृति, सृष्टिकर्ता र पितृपुर्खालाई पूजा गरी नाच्ने गरिन्छ। हरेक उमेरका युवा युवतीहरु स्याउला, ढोल, झ्याम्टा आदि बोक्दै 'साकेला सिलि' गीतको तालमा नाच्ने गर्दछन्।

समुदाय : किराँत समुदाय
नृत्य गर्ने : सबै उमेरका पुरुष महिला
बजाइने बाजा : ढोल, झ्याम्टा, बिनायो आदि
गाइने गीत : साकेला सिलि गीत

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्





# साकेला नाच

अन्नबाली रोप्ने र भित्र्याउने बेलामा नाचिने यो नाच किराँत समुदायको मौलिक परम्परागत लोकनृत्य हो ।

## पुस २०८२

Dec 2025/Jan 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | १ 16 | २ 17 | ३ 18 | ४ 19 | ५ 20 |
| ६ 21 | ७ 22 | ८ 23 | ९ 24 | १० 25 | ११ 26 | १२ 27 |
| १३ 28 | १४ 29 | १५ 30 | १६ 31 | १७ Jan 1 | १८ 2 | १९ 3 |
| २० 4 | २१ 5 | २२ 6 | २३ 7 | २४ 8 | २५ 9 | २६ 10 |
| २७ 11 | २८ 12 | २९ 13 | ३० 14 | | | |

१० गते - क्रिसमस-डे, १५ गते - तमु ल्होसार, १९ गते - श्री स्वस्थानी व्रत कथा प्रारम्भ, २७ गते - पृथ्वी जयन्ती/राष्ट्रिय एकता दिवस

# सेलो नाच

तामाङ समुदायमा प्रचलित सेलो नृत्यमा युवायुवतीहरू डम्फु बजाउँदै तामाङ सेलो गीत गाउँदै नाच्दछन्। ल्होछार, विशेष समारोह तथा सांस्कृतिक कार्यक्रमहरूमा प्रेमका अनुभूति, दैनिक जीवनका कथाहरू र सामाजिक सद्भावनाका विचारहरू गीतमार्फत साट्दै सेलो नृत्यको प्रदर्शन गरिन्छ।

समुदाय : तामाङ समुदाय
नृत्य गर्ने : तन्नेरी युवक युवतीहरू
बजाइने बाजा : टुङ्ना, डम्फु आदि
गाइने गीत : तामाङ सेलो गीत

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्





# सेलो नाच

सोनाम ल्होछार, विशेष समारोह, आदिमा नाचिने यो नाच तामाङ समुदायको सांस्कृतिक नृत्य हो ।

# माघ २०८२

Jan/Feb 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | | १ 15 | २ 16 | ३ 17 |
| ४ 18 | ५ 19 | ६ 20 | ७ 21 | ८ 22 | ९ 23 | १० 24 |
| ११ 25 | १२ 26 | १३ 27 | १४ 28 | १५ 29 | १६ 30 | १७ 31 |
| १८ Feb 1 | १९ 2 | २० 3 | २१ 4 | २२ 5 | २३ 6 | २४ 7 |
| २५ 8 | २६ 9 | २७ 10 | २८ 11 | २९ 12 | | |

१ गते - माघी पर्व/माघे सङ्क्रान्ति, ५ गते - सोनाम ल्होछार,

९ गते - वसन्त पञ्चमी व्रत/सरस्वती पूजा (शिक्षण संस्था बिदा), १६ गते - सहिद दिवस,

१८ गते - श्री स्वस्थानी व्रत कथा समाप्त

# स्याब्रु नाच

स्याब्रु नाच विभिन्न मेला, ग्याल्पो ल्होसार पर्व तथा अन्य विशेष सांस्कृतिक अवसरमा शेर्पा र ह्योल्मो समुदायले शुभकार्यको लागि नाच्ने मौलिक नृत्य हो। महिला पुरुषहरु गोलो घेरा वा सिधा लाइनमा हातमा हात बाँधी, कुम जोडी, परम्परागत गीत गाउँदै गीतकै लयमा गोडा अगाडी पछाडी सार्दै नाच्दछन्।

समुदाय : शेर्पा र ह्योल्मो समुदाय
नृत्य गर्ने : पुरुष र महिलाहरु
बजाइने बाजा : टुङ्ना
गाइने गीत : शेर्पा लोक गीत

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्





# स्याब्रु नाच

विशेष समारोहमा सामुहिक रूपमा नाचिने यो नाच शेर्पा र ह्योल्मो समुदायको सांस्कृतिक नृत्य हो ।

# फागुन २०८२

## Feb/Mar 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| | | | | | १ 13 | २ 14 |
| ३ 15 | ४ 16 | ५ 17 | ६ 18 | ७ 19 | ८ 20 | ९ 21 |
| १० 22 | ११ 23 | १२ 24 | १३ 25 | १४ 26 | १५ 27 | १६ 28 |
| १७ Mar 1 | १८ 2 | १९ 3 | २० 4 | २१ 5 | २२ 6 | २३ 7 |
| २४ 8 | २५ 9 | २६ 10 | २७ 11 | २८ 12 | २९ 13 | ३० 14 |

३ गते - महाशिवरात्री, ६ गते - ग्याल्पो ल्होसार, ७ गते - राष्ट्रिय प्रजातन्त्र दिवस,
१८ गते - फागु पूर्णिमा (हिमाली र पहाडी जिल्ला बिदा),
१९ गते - फागु पूर्णिमा (तराई जिल्ला बिदा), २४ गते - अन्तर्राष्ट्रिय महिला दिवस

# लाठी नाच

माघी, नयाँ वर्ष आदि विभिन्न अवसरमा नाचिने लाठी नाच थारु समुदायको मौलिक नृत्य हो। यसमा महिला र पुरुषहरूले दुवै हातमा विशेष लाठी लिँदै मादल तथा मुरलीको लयमा कलात्मक ढङ्गले लाठी ठोकाई आवाज निकाल्छन् । उक्त लाठीको तालमा गोडा चाल्दै सुन्दर नृत्य प्रदर्शन गर्दछन्।

समुदाय : थारु समुदाय
नृत्य गर्ने : युवक र युवतीहरु
बजाइने बाजा : मादल, मुरली, लाठी आदि
गाइने गीत : खास गीत नगाइने

नृत्य हेर्नका लागि
QR Scan गर्नुहोस्





# लाठी नाच

विभिन्न अवसरमा हातमा लाठी लिँदै सामुहिक रूपमा नाचिने यो नाच थारु समुदायको मौलिक परम्परागत नृत्य हो ।

# चैत २०८२

## Mar/Apr 2026

| आइत SUN | सोम MON | मंगल TUE | बुध WED | बिही THU | शुक्र FRI | शनि SAT |
|---|---|---|---|---|---|---|
| १ 15 | २ 16 | ३ 17 | ४ 18 | ५ 19 | ६ 20 | ७ 21 |
| ८ 22 | ९ 23 | १० 24 | ११ 25 | १२ 26 | १३ 27 | १४ 28 |
| १५ 29 | १६ 30 | १७ 31 | १८ Apr 1 | १९ 2 | २० 3 | २१ 4 |
| २२ 5 | २३ 6 | २४ 7 | २५ 8 | २६ 9 | २७ 10 | २८ 11 |
| २९ 12 | ३० 13 | | | | | |

४ गते - घोडेजात्रा (काठमाडौं उपत्यका बिदा), १२ गते - चैते दशैं, १३ गते - राम नवमी



**पुनश्च:**

यस पात्रोमा समेटिएका नृत्य, सङ्गीत, भेषभूषा तथा तिनका विवरणहरुको मौलिकता र तथ्यहरुको सत्यता सम्बन्धित समुदायको संस्कृति र परम्परा अनुरुप कायम गर्न विशेष सावधानी अपनाइएको छ र तथ्यपूर्ण सामाग्रीमात्र समेटन हरसम्भव प्रयास गरिएको छ।

**माया थापा** (प्रमुख नृत्य निर्देशक) **राजु शाक्य** (नृत्य निर्देशक)

लक्ष्यमा सँग-सँगै